# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८२/०८३
च.नं :

सूचना प्रकाशन मिति: २०८३/०१/०३

विषय:- सहकारी मार्फत सबै वडामा युवा उद्यमी कृषि कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।

शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा मिति २०८३/०१/०२ को नगरकार्यपालिकाको निर्णय अनुसार "वडाको सहकार्यमा सहकारीमार्फत युवा उद्यमी कृषि कार्यक्रम" सञ्चालन गर्नको लागि प्रत्येक वडामा रु. ३,००,०००/- का दरले विनियोजन गरिएको छ। कार्यक्रम अनुदान वितरणमुखी नभई परियोजनामा रही वडास्थित कृषि सहकारी संस्थामार्फत कार्यान्वयन गरिने भएको हुँदा इच्छुक किसान/समूह/उद्यमीहरूले सम्बन्धित सहकारी संस्थामा निवेदन दिन हुन अनुरोध छ ।

<u>तपसिल</u>

| क्र.सं. | सहकारीको नाम र ठेगाना | कार्यस्थल | रकम |
|---|---|---|---|
| १ | शितगंगा कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा २ | शितगंगा १ मा समेत गर्ने | ३,००,००० |
| २ | शितगंगा कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा २ | शितगंगा २ | ३,००,००० |
| ३ | आधारशिला साना किसान कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ३ | शितगंगा ३ | ३,००,००० |
| ४ | साना किसान कृषि सहकारी संस्था लिमिटेड शिनपा ४ | शितगंगा ४ | ३,००,००० |
| ५ | साझा फूलबारी महिला कृषि सहकारी संस्था लिमिटेड शिनपा ५ | शितगंगा ५ | ३,००,००० |
| ६ | सरोकार सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड शिनपा ५ | शितगंगा ६ | ३,००,००० |
| ७ | मगराकोट कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ७ | शितगंगा ७ | ३,००,००० |
| ८ | जलुके कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ८ | शितगंगा ८ | ३,००,००० |
| ९ | बराहादह कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ९ | शिनपा ९ | ३,००,००० |

# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८२/०८३
च.नं :

| | | | |
|---|---|---|---|
| ९ | बराहादह कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ९ | शिनपा ९ | ३,००,००० |
| १० | जागृति कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा १० | शिनपा १० | ३,००,००० |
| ११ | सिद्धारा कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ११ | शिनपा ११ | ३,००,००० |
| १२ | पृष्ठभूमि कृषि सहकारी संस्था लिमिटेड शिनपा १२ | शिनपा १२ | ३,००,००० |
| १३ | सिमलपानी साना किसान कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा १३ | शिनपा १३ | ३,००,००० |
| १४ | गंगाजल कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा १४ | शिनपा १४ | ३,००,००० |

**क) कार्यान्वयन सम्बन्धी व्यवस्थाः**

- छनौट भएका कार्यक्रमहरू सहकारी मार्फत कृषि उद्यमी/समूहगत रूपमा सञ्चालन गरिनेछ।
- सहभागी किसानहरू सम्बन्धित सहकारी संस्थामा आबद्ध हुनुपर्नेछ।
- कार्यक्रम प्रत्यक्ष नगद अनुदान नभई उत्पादन/प्रविधि/कृषि यान्त्रिकरण तथा सेवा सहयोगमा आधारित हुनेछ।

**ख). आवेदन दिन**

- शितगंगा नगरपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने किसान/युवा उद्यमी
- कृषि व्यवसायलाई निरन्तरता दिने प्रतिबद्धता भएको
- ५० प्रतिशत लागत सहभागिता सुनिश्चित गर्नुपर्ने

**ग). आवश्यक कागजातहरूः**

- निवेदन पत्र
- नागरिकता प्रतिलिपि
- जग्गा स्वामित्व प्रमाणपत्र वा भाडामा लिएको भए सम्झौता पत्र
- आफुले गर्न चाहेको कृषि/पश सम्बन्धी कार्यक्रम प्रस्ताव (संक्षिप्त)

**घ). आवेदन दिने स्थान र समयः**

- सम्बन्धित वडा कार्यालयको कृषि सहकारी संस्था
- आवेदन दिने अन्तिम मितिः २०८३/०१/१७ गते सम्म

**ङ). छनौट प्रक्रियाः**

# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८२/०८३
च.नं :

- सहकारी संस्थाबाट प्रस्ताव संकलन
- वडास्तरमा प्रारम्भिक मूल्यांकन
- आवश्यकता अनुसार शाखाबाट स्थल निरीक्षण
- प्राथमिकताका आधारमा छनौट (बाँझो जमिन उपयोग, युवा सहभागिता, व्यावसायिक सम्भाव्यता आदि)

च). अन्य व्यवस्थाः

<u>कार्य सञ्चालन सम्बन्धी व्यवस्थाः</u>

- अनुदान रकम सम्बन्धित सहकारी संस्थाको खातामा सिधै जम्मा गरिनेछ।
- वडामा रहेका सहकारी संस्थाले वडा कार्यालय, कृषि शाखासँग समन्वय गरी पारदर्शी तथा सहभागितामूलक प्रक्रियाबाट लाभग्राही छनौट गर्नेछ।
- लाभग्राही छनौट पश्चात् स्थानीय आवश्यकता र सम्भावनाको आधारमा कृषि तथा पशु विकाससँग सम्बन्धित उपयुक्त क्षेत्र छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यस्थल भन्नाले यस कार्यक्रम कार्यान्वयनको लागि भनि उल्लेख गरिएको छ।
- कार्यक्रमको प्राविधिक सहयोग कृषि शाखाबाट उपलब्ध गराइनेछ तथा अनुगमन सम्बन्धित वडा कार्यालय र नगरपालिकाबाट गरिनेछ।
- कार्यक्रम ५० प्रतिशत लागत साझेदारिमा गरिनेछ ।
- अपूर्ण तथा म्याद नाघी प्राप्त आवेदनहरू स्वतः खारेज गरिनेछ।
- कार्यक्रम कार्यान्वयन तथा अनुगमन वडा कार्यालय र नगरपालिकाबाट गरिनेछ।
- यस सम्बन्धमा थप जानकारीका लागि नगरपालिका,वडा कार्यालय सम्बन्धित कृषि सहकारी संस्थामा सम्पर्क गर्न सकिनेछ।

मनि राम पौडेल
कृषि विकस अधिकृत